## टेम्केमैयुङ गाउँपालिका

# स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्ड : ६ | संख्या : ४ | मितिः २०७९/१०/०५ |

### भागः२

# टेम्केमैयुङ गाउँपालिकाको फिल्ड भत्ता कार्यविधि, २०७९

### प्रस्तावना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को **दफा** १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी टेम्केमैयुङ गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

# टेम्केमैयुङ गाउँपालिकाको
# फिल्ड भत्ता कार्यविधि, २०७९

गाउँसभाबाट स्विकृत मितिः २०७९ माग ५

टेम्केमैयुङ गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

अन्नपूर्ण भोजपुर

२०७९

# टेम्केमैयुङ गाउँपालिका
# फिल्ड भत्ता  कार्यविधि २०७९

कार्यपालिका बाट स्वीकृत मिति २०७९। १०। ०५

## प्रस्तावना

प्राविधिक कर्मचारीलाई उच्च मनोबलका साथ टेम्केमैयुङ गाउँपालिका अन्तर्गत योजनका लागत ईष्टिमेट, मुल्याङ्कन, अनुगमन लगायतका कामकाज गर्न पटक पटक फिल्डमा खटिनु पर्ने साथै दैनिक कार्यहरु चुस्तदुरुस्त र समयमै कार्य सम्पादन गर्न, कार्यालय समयपछि समेत जनताको आवश्यकतालाई मध्यनजर गरी योजनाका कामकाजलाई सम्पादन गर्न कार्यालयको कार्यपरिमाणका आधारमा स्थानीय सरकारलाई पुर्णरुपमा जनता प्रति उत्तरदायि र सेवा प्रवाह प्रदान गर्न प्राविधिक कर्मचारीलाई स्थानीय सरकार संचालन सम्बन्धी ऐन २०७४ को मर्म अनुरुप स्थानिय सरकार प्रति अपनत्वको भावना श्रृजना गराउने हेतुले यो फिल्ड भत्ता कार्यविधि, २०७९ लागु गरिएको छ ।

## परिच्छेद १

### संक्षिप्त नाम र प्रारम्भ

१. संक्षिप्त नामः यो कार्यविधिको नाम "टेम्केमैयुङ गाउँपालिका फिल्ड भत्ता कार्यविधि, २०७९" रहने छ ।
२. यो कार्यविधि ईन्जिनियरिङ सेवा अन्तर्गतका स्थायी, अस्थायी तथा करारका प्राविधिक कर्मचारीहरुमा लागु हुने छ ।

## परिच्छेद २

### परिभाषा

३. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा
(क) यस कार्यविधिको नाम "टेम्केमैयुङ गाउँपालिका फिल्ड भत्ता कार्यविधि, २०७९" रहेको छ ।

(ख) "गाउँपालिका" भन्नाले टेम्केमैयुङ गाउँपालिका सम्झनु पर्छ ।

(ग) "फिल्ड भत्ता" भन्नाले यस टेम्केमैयुङ गाउँपालिका र वडा कार्यालयका प्राविधिक कर्मचारीलाई पटक पटक योजनाको काम सम्पन्न गर्न फिल्डमा गएबापत प्रदान गरिएको सुविधा सम्झनु पर्छ ।
(घ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले टेम्केमैयुङ गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनुपर्दछ ।
(ङ) "विषयगत शाखा" भन्नाले टेम्केमैयुङ गाउँपालिका अन्तर्गतका योजनाको कार्यसम्पादन गर्न फिल्डमा खटिने प्राविधिक शाखालाई सम्झनुपर्छ ।

## परिच्छेद ३

**वित्तिय स्रोत व्यवस्थापन**

४. (१) यस कार्यविधि बमोजिम प्रदान गरिने फिल्ड भत्ता गाउँपालिकाको नाममा रहेको खाताबाट उपलब्ध गराउनु पर्नेछ ।

**कार्यन्वयन तथा कार्यविधि**

५. (१) यस कार्यविधि बमोजिम उपलब्ध गराउने फिल्ड भत्ता गाउँ कार्यपालिकाले निर्णय गरि पारित गरी तोकिए बमोजिम गाउँपालिकास्तरका पालिका ईन्जिनियरले मासिक रु.१४,००० (चौध हजार), पालिका सहायक स्तरका प्राविधिकले मासिक रु.१२,००० (बाह्र हजार) र वडा कार्यलयका सहायक स्तरका प्राविधिकले मासिक रु.८,००० (आठ हजार) फिल्ड भत्ताको रुपमा पाउनेछ ।

(२) यस कार्यविधि बमोजिम गाउँपालिका अन्तर्गतका प्राविधिक कर्मचारीले फिल्ड भत्ता मासिक रुपमा पाउनेछ ।

## परिच्छेद - चार

**संशोधन तथा परिमार्जन**

६.गाउँपालिका फिल्ड भत्ता कार्यविधि लाई थप प्रभावकारी बनाउन आवश्यकता अनुसार गाउँ कार्यपालिकाबाट संशोधन तथा परिमार्जन गर्न सकिनेछ ।

## परिच्छेद - पाँच

**वचाउ तथा खारेजी**

७. यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा स्थानीय सरकार सञ्चालन ऐन-२०७४ सँग बाझिएको हकमा हद सम्म स्वतः खारेज हुनेछ ।

आज्ञाले
सन्दिप न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत